# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड६ ) जनकपुरधाम, नेपाल,असार१६गते,२०७९साल(अतिरिक्ताङ्क०४(ख)


भाग २

## मधेश प्रदेश सरकार

## गृह तथा सञ्चार मन्त्रालय

## मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि-२०७९

**प्रस्तावनाः** मधेश प्रदेश सरकारद्वारा सञ्चारमाध्यमहरूलाई वितरण गरिने लोककल्याणकारी विज्ञापनको वितरण तथा रकम भुक्तानी

सम्बन्धी कार्यविधि बनाई व्यवस्थापन गर्न वाञ्छनीय भएकोले प्रदेश सञ्चार सम्बन्धी ऐन-२०७७ को दफा ७१ तथा प्रदेश सञ्चार नियमावली, २०७७ को नियम ३८ बमोजिम मधेश प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि-२०७९' रहेको छ ।

(२) यो कार्यविधि मधेश प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) लोककल्याणकारी विज्ञापन' भन्नाले प्रदेश र जनताको हितमा स्वास्थ्य, शिक्षा, कृषि, न्याय, प्रदेश कानून, भौतिक पूर्वाधार, वन, पर्यटन, यातायात, कला, संस्कृति, सद्भाव, भाइचारा, शान्ति सुरक्षाको व्यवस्थामा सहयोग पुऱ्याउने, सामाजिक कुरीति एवम् कुसंस्कार विरुद्ध चेतना फैलाउने, सामाजिक, भाषिक, सांस्कृतिक तथा साहित्यिक विकासलाई टेवा पुऱ्याउने, विपद् व्यवस्थापन तथा दैवीप्रकोप उद्धार कार्यलाई बल पुग्ने, वा प्रदेश सरकार तथा स्थानीय सरकारद्वारा सञ्चालित कार्यक्रम एवम् समसामयिक जनहितमा प्रचार-प्रसार हुने खालका सन्देश वा सन्देशमूलक सूचना सम्झनुपर्छ ।

(ख) 'पत्रकार' भन्नाले मधेश प्रदेश अन्तर्गतका जिल्लालाई कार्यक्षेत्र बनाई कुनै पनि आमसञ्चारमाध्यम अन्तर्गतका पत्रपत्रिका, रेडियो,

एफ.एम., टेलिभिजन, समाचारमूलक अनलाइन सहितका सञ्चारमाध्यममा सम्पादन, समाचार लेखन एवम्संकलन तथा उत्पादन कार्यमा संलग्न सम्पादकहरु, समाचारदाताहरु, समाचारवाचकहरु, फोटो पत्रकारहरु, क्यामेराम्यानहरु र प्राविधिक सम्बन्धी कार्यमा संलग्न सम्पूर्ण सञ्चार कर्मीहरुलाई पत्रकार सम्झनुपर्छ ।

(ग) 'सञ्चारमाध्यम' भन्नाले नियमानुसार दर्ता भई नियमित रूपमा प्रकाशित हुँदै आएको पत्रपत्रिका, नियमित रूपमा प्रसारणमा रहेका टेलिभिजन, रेडियो एफ.एम., अनलाइन मिडिया, प्रदेश सरकारको नियम मापदण्डमा सञ्चालित न्यू मिडिया तथा अन्य नयाँ प्रकृतिका सञ्चार माध्यमहरू समेत सम्झनुपर्छ ।

(घ) 'प्राधिकरण' भन्नाले प्रदेश सञ्चारका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ को दफा ४ बमोजिम स्थापना भएको आमसञ्चार प्राधिकरण सम्झनुपर्छ ।

(ङ) 'मन्त्रालय' भन्नाले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय सम्झनुपर्छ ।

(च) 'समिति' भन्नाले कार्यविधिको दफा ४ बमोजिम गठित मधेश प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन समिति सम्झनुपर्छ ।

३. **लोककल्याणकारी विज्ञापन निर्माणः** प्राधिकरणले प्रदेश र स्थानीय सरकारको सम्बन्धित निकाय, जनताको हित प्रवद्र्धन गर्ने, खास

वर्ग वा समुदायसँग प्रत्यक्ष सरोकार राख्ने, आकस्मिक रूपमा आईपरेका र समसामयिक विषयमा जनमानसमा तत्काल जानकारी दिन आवश्यक देखिएका विषयमा आवश्यकता अनुसार हरेक विषयका लोकहितमा लोककल्याणकारी सूचना र सन्देशहरू निर्माण गर्नेछ । त्यस्ता सूचना तथा सन्देशहरु स्थानीय भाषाहरुमा समेत निर्माण तथा प्रकाशन/प्रशारण गर्न सकिने छ ।

४. <u>लोककल्याणकारी विज्ञापन सिफारिस समितिः</u> (१) लोककल्याणकारी विज्ञापन प्रशारण प्रकाशनको लागि आमसञ्चार प्राधिकरण समक्ष सिफारिस गर्न देहाय बमोजिम लोककल्यणकारी विज्ञापन सिफारिस समिति रहने छ ।

(क) आमसञ्चार प्राधिकरणका अध्यक्षले तोकेको प्राधिकरणको सदस्य- संयोजक

(ख) मिडिया काउन्सिलका अध्यक्ष वा निजले तोकेका मिडिया काउन्सिलका सदस्य- सदस्य

(ग) नेपाल पत्रकार महासंघ, मधेश प्रदेशका अध्यक्ष वा निजले तोकेको व्यक्ति- सदस्य

(घ) कानून अधिकृत, गृह तथा संचार मन्त्रालय मधेश प्रदेश- सदस्य

(ङ) मधेश प्रदेशका रेडियो एफ.एम र टेलिभिजनहरुको संगठनहरु मध्येबाट एक जना - सदस्य

(च) आमसञ्चार माध्यममा कार्यरत महिला पत्रकारहरुमध्येबाट प्राधिकरणले तोकेको एक जना- सदस्य

(छ) प्राधिकरणका प्रशासकीय प्रमुख- सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा बढीमा तीन जना सम्बन्धित क्षेत्रका विज्ञ वा अनुभवी व्यक्तिलाई आमन्त्रण गर्न सकिने छ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) लोककल्याणकारी विज्ञापन निर्माण तथा प्रकाशन, प्रशारण सम्बन्धी आवश्यक निर्णय गरी प्राधिकरणमा सिफारिस गर्ने ।

(ख) लोककल्याणकारी विज्ञापनको प्रस्तावित दररेट सम्बन्धी निर्णय गरी प्राधिकरणलाई सिफारिस गर्ने।

(ग) लोककल्याणकारी विज्ञापन प्रकाशन, प्रशारण तथा भुक्तानी सम्बन्धी विशेष परिस्थितिमा समितिले निर्णय गरी प्राधिकरणलाई सिफारिस गर्ने ।

(घ) लोककल्याणकारी विज्ञापन सम्बन्धी गुनासो वा सुझाव भएमा प्राधिकरणलाई जानकारी गराउने ।

(ङ) लोककल्याणकारी विज्ञापनको प्रभावकारीता भए/नभएको अनुगमन गरी प्राधिकरणलाई जानकारी गराउने ।

(च) लोककल्याणकारी विज्ञापनलाई थप प्रभावकारी एवम् निष्पक्ष, पारदर्शी र व्यवस्थित बनाउन प्राधिकरणलाई सुझाव दिने ।

(४) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(५) समितिले नियमित रूपमा लोककल्याणकारी विज्ञापन वितरण, प्रकाशन/प्रसारण तथा प्रभावबारे अनुगमन गर्नेछ।

(६) समितिले प्रदेश स्थित सबै मन्त्रालय तथा निकायहरुसँग लोककल्याणकारी विज्ञापनको लागि समन्वय गरी आवश्यकताको आधारमा प्रकाशन/प्रसारणको व्यवस्थापन गर्नेछ।

५. **प्राथमिकताक्रम निर्धारणः** समितिले सूचना र सन्देश प्रकाशन/प्रसारणको आवश्यकता, गाम्भीर्यता र समय सापेक्षताको मूल्याङ्कन गरी तत्काले प्रकाशन/प्रसारण गर्नुपर्ने, सात दिनसम्ममा प्रकाशन/प्रसारण गर्नुपर्ने, मासिक एवम् सदाबहार सूचना/सन्देशहरूको प्राथमिकताक्रम तोकी प्रकाशन/प्रसारणको व्यवस्था मिलाउने छ ।

६. **सूचना तथा सन्देश निर्धारणः** समितिबाट निर्धारित तथा सिफारिस भई आएका सूचना/सन्देशहरू निर्धारित प्राथमिकता क्रम बमोजिम प्रकाशन/प्रसारणका लागि योग्य सञ्चारमाध्यमहरूलाई पठाउने वा उपलब्ध गराउने छ ।

७. **लोककल्याणकारी विज्ञापनको वितरणः** (१) सञ्चारमाध्यमहरूको वर्गिकरण नतिजा विवरण प्राप्त नभएसम्मका लागि अनुसूची १ बमोजिम स्वीकृत बजेटको परिधी रही आमसञ्चार प्राधिकरणले लोककल्याणकारी विज्ञापन वितरण एवम् व्यवस्थापन गर्नेछ । आगामी आर्थिक वर्षदेखि वर्गिकृत सञ्चारमाध्यमको विवरण प्राप्त भएपछि वर्ग अनुसार स्वीकृत बजेटको परिधीभित्र रही लोककल्याणकारी विज्ञापन आमसञ्चार प्राधिकरणले वितरण एवम भुक्तानी गर्नेछ ।

८. <u>निर्देशन अनुरूप प्रकाशन/प्रसारण गर्नुप</u>र्नेः प्राधिकरणले प्राथमिकता दिई वा जरुरी उल्लेख गरी प्रकाशन एवम् प्रसारण गर्न पठाएका सन्देशहरू तोकिएको अंक वा मिति, समयमा प्रकाशन एवम् प्रसारण गर्नुपर्नेछ ।

९. <u>छुट दिन सकिनेः</u> यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भए तापनि देशभरि वा प्रदेशमा कुनै महामारी, प्राकृतिक प्रकोप, विपत् वा काबु बाहिरका विषम् परिस्थिति भएमा सो समयमा सन्देश प्रकाशन/प्रसारणको मिति र समय अवधि समितिको निर्णय बमोजिम हुनेछ ।

तर सो विशेष व्यवस्था विषम परिस्थितिमा मात्र लागू हुनेछ। त्यस्तै लामो सार्वजनिक विदा हुने दशैं तिहार जस्ता चाडपर्वका समयमा समितिले प्रकाशन/प्रसारण व्यवस्थामा छुट दिन सक्नेछ।

१०. <u>प्रकाशन/प्रसारण भएका सूचना/सन्देशको विवरण तथा सामग्री उपलब्ध गराउनुपर्नेः</u> पत्रिकाहरुले सूचना/सन्देश प्रकाशन भएका सबै अंकको पत्रिका तथा विद्युतीय सञ्चारमाध्यमले पिडिएफ, सामग्रीको लिंक वा प्रशारण भएको सामग्री इमेल वा विद्युत्तीय माध्यमबाट पठाउनु पर्नेछ । साथै अनलाइनको हकमा स्क्रीन सटको प्रिन्ट उपलब्ध गराउनुपर्ने छ । रेडियो एफ.एम., टेलिभिजन लगायतका प्रशारण संस्थाले प्रमाणपत्र समेत पेस गर्नु पर्नेछ । यस अतिरिक्त उक्त सूचना एवम् सन्देश सामग्रीको प्रशारण तालिका प्राधिकरणलाई समयमा बुझाउनुपर्ने छ ।

११. <u>सम्पर्क विवरण उपलब्ध गराउनुपर्नेः</u> प्राधिकरणले सम्पर्क गर्ने गरी सम्बन्धित सञ्चारमाध्यमहरूले सञ्चार संस्थासँग सम्बन्धित विवरण सहितको कागजात, आफ्नो कार्यालय ठेगाना, इमेल,

मोबाइल, ल्याण्डलाईन फोन तथा सम्पर्क व्यक्तिको विवरण अनिवार्य रूपमा प्राधिकरणलाई उपलब्ध गराउनुपर्नेछ ।

१२. **योग्य मानिने:** देहाय बमोजिमका सञ्चारमाध्यमहरू लोककल्याणकारी विज्ञापन प्राप्त गर्न योग्य मानिने छन्:

(क) मधेश प्रदेशमा रहेका आमसञ्चार माध्यमहरुको वर्गिकरण नतिजा प्राप्त भएपछि वर्गिकरणमा परेका सञ्चारमाध्यमहरू लोककल्याणकारी विज्ञापनको रकम प्राप्त गर्न योग्य मानिने छन्। सम्बन्धित निकायबाट वर्गिकृत मिडियाहरुको विवरण सहित सिफारिस भई आएका मिडियाहरुलाई मधेश प्रदेश सरकारको तर्फबाट आमसञ्चार प्राधिकरणले स्वीकृत बजेटको परिधीमा रही लोककल्याणकारी विज्ञापन उपलब्ध गराउने छ।

(ख) वर्गिकरण नतिजा प्राप्त नभएसम्मका लागि पत्रपत्रिकाको हकमा जिल्ला प्रशासन कार्यालय वा आमसञ्चार प्राधिकरणबाट स्थायी प्रमाणपत्र प्राप्त गरी पत्रिकाको हकमा भने मिडिया काउन्सिल वा अन्य आधिकारिक निकायमा निरन्तर दुई वर्ष वर्गिकरणमा परेको हुनुपर्ने छ ।

(ग) वर्गिकरण नतिजा प्राप्त नभएसम्मका लागि विद्युतीय सञ्चारमाध्यमको हकमा कम्तिमा एक वर्षसम्म नियमित रूपमा प्रसारण गरेको

इजाजतपत्र तथा संस्था नवीकरण सहितका कागजात पेश गरेका विद्युतीय सञ्चारमाध्यमहरु लोककल्याणकारी विज्ञापनको रकम प्राप्त गर्न योग्य मानिने छ।

(घ) सञ्चारमाध्यम वा सञ्चार संस्थाहरू आपसमा गाभिँदा (मर्ज) हुँदा यसरी गाभिनुअघि गाभिएकामध्ये कुनै एक मात्र सञ्चारमाध्यम वा सञ्चार संस्था वर्गीकरणमा परेको रहेछ भने पनि सो गाभिई कायम भएको सञ्चारमाध्यम वा सञ्चार संस्था लोककल्याणकारी विज्ञापन प्राप्त गर्न योग्य मानिने छ ।

(ङ) वर्गिकरण नतिजा प्राप्त नभएसम्मका लागि अनलाइन सञ्चारमाध्यमको हकमा नियमानुसार दर्ता भई कम्तिमा एक वर्ष पुरा भई दैनिक समाचार अपडेट हुने तथा महिनामा कम्तिमा ६० ओटा समाचार अपडेट भएको हुनुपर्ने तथा आचारसंहिता पालना गरेका अनलाइन मिडियालाई विज्ञापनका लागि योग्य मानिने छन् ।

(च) डिजिटल एवम् न्यू मिडियाको हकमा भने समितिले निर्णय गरे अनुसार हुनेछ ।

(छ) कुनै पनि आमसञ्चारमाध्यमको नाममा रहेको कर्पोरेट अनलाइन मिडियालाई लोक

कल्याणकारी विज्ञापन उपलब्ध गराउन बाध्यकारी मानिनेछैन ।

(झ) मधेश प्रदेशबाट प्रशारणमा रहेका सञ्चारमाध्यमहरुले मिडिया काउन्सिलको वर्गिकरण नतिजा अनुसार लोककल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ । तर वर्गिकरण नतिजा प्राप्त नभएसम्म लोककल्याणकारी विज्ञापन प्राप्त गर्न तोकिए बमोजिमको कागजात एवम् प्रमाण पेस गरेका आमसञ्चारमाध्यमहरुलाई बजेटको परिधिभित्र रहेर विज्ञापन उपलब्ध गराईने छ । यद्यपी पत्रिकाको हकमा भने मिडिया काउन्सिल वा अन्य आधिकारिक निकायमा निरन्तर दुई वर्ष वर्गिकरणमा परेको हुनुपर्ने छ ।

सोका लागि आवश्यक कागजात एवम् प्रमाण भने अनिवार्य रुपमा सम्बन्धित सञ्चारमाध्यमले पेश गर्नुपर्नेछ ।

१३. <u>विज्ञापन प्रकाशन/प्रसारणको स्वीकृति लिनुपर्नेः</u> (१)सञ्चार माध्यम वा सञ्चार संस्थाले लोककल्याणकारी विज्ञापन प्रकाशन / प्रसारण गर्न तोकिएको ढाँचामा अनुसूची २ बमोजिम निवेदन दिई प्राधिकरणबाट विज्ञापन प्रकाशन/प्रसारण गर्न स्वीकृति लिनु पर्नेछ।

(२) विज्ञापन प्रकाशन/प्रसारण गर्न स्वीकृति पाउन निवेदनसाथ माग गरिएका कागजातहरु प्राप्त भएपछि प्राधिकरणले विज्ञापन प्रकाशन/प्रसारण गर्न योग्य सञ्चारमाध्यम वा सञ्चार संस्थालाई सोको लागि स्वीकृति दिनु पर्नेछ ।

१४. **<u>लोककल्याणकारी विज्ञापनको रकम भुक्तानी समयः</u>** लोककल्याणकारी विज्ञापन वापतको भुक्तानीका लागि विज्ञापन प्रकाशन प्रशारण गरेको समयावधीको तोकिए बमोजिमको दररेट अनुसार हुनेछ । वर्गिकरण नतिजा प्राधिकरणलाई प्राप्त भएमा सोही अनुसार कार्यान्वयन गरिनेछ । अघिल्लो वर्षको वर्गिकरणको आधारमा नयाँ आर्थिक वर्षमा भुक्तानी प्रक्रियालाई निरन्तरता दिईनेछ । स्वीकृत बजेटको परिधीभित्र रही आवश्यकता र औचित्यको आधारमा आमसञ्चारमाध्यमहरुलाई विज्ञापन उपलब्ध गराईनेछ ।

१५. **<u>लोककल्याणकारी विज्ञापन रकमको दरः</u>** (१) लोककल्याणकारी विज्ञापन प्रकाशन प्रशारण सम्बन्धी दररेट अनुसूची १ मा उल्लेख बमोजिम हुनेछ ।

(२) लोककल्याणकारी विज्ञापन प्रकाशन/प्रसारण गरे वापत छापा, विद्युतीय, अनलाइन र अन्य डिजिटल सञ्चारमाध्यमलाई तोकिएको दररेट अनुसार रकम भुक्तानी गरिनेछ ।

(३) पञ्चाङ्ग/पात्रोहरूले लोककल्याणकारी विज्ञापन प्रकाशित गर्न चाहेमा पूर्व अनुमति लिनु पर्नेछ ।

(४) अर्धवार्षिक वा वार्षिक रूपमा प्रकाशन हुने सन्देशमूलक पुस्तक वा संग्रहलाई वर्षको एक पटक एक पृष्ठमा लोककल्याणकारी विज्ञापन उपलब्ध गराइनेछ ।

(५) उपदफा (१) मा उल्लेखित विज्ञापन प्रकाशन प्रशारण वापतको रकम दर समितिले आवश्यक महशुस गरेमा परिवर्तन गर्न सक्नेछ ।

(६) देशभरि वा प्रदेशमा कुनै महामारी, प्राकृतिक प्रकोप, विपत् वा काबु बाहिरका विषम् परिस्थिति उत्पन्न भएमा लोककल्याणकारी विज्ञापन रकम वार्षिक रूपमा एकमुष्ठ भुक्तानी गर्न सकिनेछ र सो रकम तोकिएको भन्दा घटी वा बढी हुन सक्नेछ ।

(७) खण्ड ५ मा उल्लेख भएको अवस्थामा प्राधिकरणले विशेष राहत प्याकेज घोषणा गर्न सक्नेछ । राहत प्याकेज अन्तर्गत प्रकाशित/प्रसारित लोककल्याणकारी विज्ञापनको प्रदेश सरकारले उपलब्ध गराउने बजेटलाई ध्यानमा राखी प्राधिकरणले तोक्नेछ ।

१६. **<u>अनुगमन तथा निर्देशनः</u>** प्राधिकरणको समन्वयमा मधेश प्रदेश लोककल्याणकारी विज्ञापन सिफारिस समितिले समय समयमा छापा तथा विद्युतीय सञ्चारमाध्यमहरूको बजार अवस्थाको अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा आवश्यक देखिएमा आफ्नो बजार नीति तथा प्रणालीमा सुधार ल्याउन सञ्चारमाध्यमहरूलाई प्राधिकरणले आवश्यक निर्देशन दिन सक्ने छ । त्यस्तो निर्देशनको पालना गर्नु सञ्चारमाध्यमहरूको कर्तव्य हुनेछ ।

१७. **<u>भुक्तानीका लागि बिल पेश गर्ने समयः</u>** सञ्चारमाध्यमहरूले लोककल्याणकारी विज्ञापन प्रकाशित गरे वापत पाउने रकमको भुक्तानीका लागि महिना सकिएपछि अर्को महिनाको १५ गतेभित्र करकट्टी सहितको बिल अनिवार्य रूपमा पेस गरी सक्नुपर्नेछ। तोकिएको समय नाघी आएको बिलको भुक्तानी हुने छैन। असार महिनाको २० गते पछि आएका बिलहरुको भुक्तानी गर्न प्राधिकरण बाध्य हुनेछैन ।

१८. <u>भुक्तानी रोक्का गर्न सकिनेः</u> (१) देहायको अवस्थामा सञ्चारमाध्यमहरूले पाउने लोककल्याणकारी विज्ञापनको भुक्तानी रोक्का हुन सक्नेछः

(क) छापाखाना तथा प्रकाशन ऐन, २०४८ तथा अन्य प्रचलित कानून बमोजिम प्रकाशन/प्रसारण गरेको नपाइएमा,

(ख) श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई श्रमजीवी पत्रकार ऐन, २०५१ तथा अन्य प्रचलित कानून बमोजिम नियुक्ति, पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध नगराएको पाइएमा,

(ग) श्रमजीवी पत्रकार ऐन, २०५१ तथा अन्य प्रचलित कानून बमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई नियुक्तिपत्र वा पारिश्रमिक उपलब्ध नगराएको भनी प्राधिकरणका अध्यक्ष समक्ष उजुरी परेमा त्यस्तो विवादमा दुवै पक्ष बीच मिलापत्र नभएसम्म वा विभागीय तहको कारवाही टुङ्गो नलागेसम्म,

(घ) दफा १८ बमोजिम प्रकाशन/प्रसारण गरिएका लोककल्याणकारी विज्ञापन सम्बन्धी विवरण, कागजात, बिल, सूचना तथा सन्देशको प्रति आदि तोकिए बमोजिम नियमित रूपमा पठाएको नपाइएमा,

(ङ) सूचना तथा सन्देशहरू दफा ८ र दफा ९ बमोजिम प्रकाशन/प्रसारण गरेको नपाइएमा,

(च) प्राथमिकता तोकी पठाईएका सूचना/सन्देशहरू प्रकाशन/प्रसारण नगरेको देखिएमा,

(छ) प्राधिकरणले दिएको निर्देशन बमोजिम विज्ञापन प्रकाशन/प्रसारण नगरेको देखिएमा,

(ज) पत्रकार आचार संहिता पालना नगरेको वा त्यसको उल्लंघन गरेको ठहरिएमा,

(२) उप दफा १ को खण्ड (ख) मा उल्लेखित पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धी व्यवस्था तीनदेखि पाँच जनासम्म जनशक्ति कार्यरत रहेको साना लगानीका स्वरोजगारमूलक मिडियाको हकमा लागू हुनेछैन ।

१९. **रकम भुक्तानी गर्दा कर कट्टी हुने:** रकम भुक्तानी गर्दा नियमानुसार लाग्ने आवश्यक कर कट्टी गरिनेछ ।

२० **बैंक खातामा भुक्तानी पठाइने:** (१) सञ्चारमाध्यमहरूले 'क' वर्गको बैंकमा खाता सञ्चालन गरेको हुनुपर्नेछ । भुक्तानीका लागि बैंक खाताको विस्तृत विवरण पठाउनु पर्नेछ ।

(२) प्रकाशित/प्रसारित लोककल्याणकारी विज्ञापनको रकम भुक्तानीका लागि तोएिको विवरण, कागजात, बिल आदि पेस भएपछि लोककल्याणकारी विज्ञापनको रकम सम्बन्धित सञ्चारमाध्यमको सम्बन्धित बैंक खातामा भुक्तानी पठाइनेछ ।

२१. **विद्युतीय सञ्चारमाध्यमहरूले पालना गर्नुपर्ने शर्तहरू:** लोक कल्याणकारी विज्ञापन प्राप्त गर्नका लागि विद्युतीय सञ्चार माध्यमहरूले देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

(१) प्रचलित कानून बमोजिम संस्था र संचारमाध्यमको दर्ता प्रमाणपत्र प्रतिलिपि ।

(२) मिडिया काउन्सिल वा अन्य आधिकारिक निकायबाट बर्गीकरणमा परेको प्रमाणित आधार ।

(३) प्रत्येक वर्ष नवीकरण भएको,

(४) आयकर एब्ल् नम्बर र कर चुक्ता प्रमाणपत्र पेस गरेको,

(५) आचारसंहिता पालना गरेको,

(६) एफ.एम. र टेलिभिजनको हकमा इजाजत पत्र, लाइसेन्स नविकरण भई कम्तिमा एक वर्षदेखि नियमित प्रसारणमा रहेको ।

(७) अनलाइन र नयाँ प्रकृतिका न्यू मिडियाहरूको हकमा नियमानुसार दर्ता भई नविरकण लगायतका कागजातहरु भएको ।

२२. **प्रकाशन/प्रसारणसम्बन्धी फाराम भर्नेः**

(१) लोककल्याणकारी विज्ञापन प्राप्त गर्नका लागि पत्रपत्रिकाले देहायका कार्यहरू गरेको हुनुपर्छ।

(२) प्राधिकरणबाट प्रकाशित भएको सूचनामा उल्लेखित म्यादभित्र प्रकाशन प्रसारण संस्थाहरूले विवरण पठाउनुपर्नेछ ।

(३) लोककल्याणकारी विज्ञापन प्राप्त गर्न विज्ञापन फाराम दर्ता गर्दा शुल्क लाग्ने छैन ।

(४) दर्ता भएका फारामहरूको समितिले जाँच गरी लोककल्याणकारी विज्ञापन प्राप्त गर्नका लागि सिफारिस गर्नेछ ।

(२) लोककल्याणकारी विज्ञापन प्राप्त गर्ने आमसञ्चारमाध्यमहरुले अनुसूची २ बमोजिमको फाराम भर्नुपर्ने छ।

२३. <u>**झुट्टा विवरण पेस गरेमा कारवाहीको व्यवस्थाः**</u> (१) सञ्चार माध्यमहरूले पालना गर्नुपर्ने शर्तहरू पूरा नगरी गलत सूचना एवम् तथ्य दिई लोककल्याणकारी विज्ञापन प्राप्त गरेमा सम्बन्धित त्यस्तो विवरण पेस गर्ने उपर कारवाही गरिनेछ ।

(२) गलत मनसाय राखी झुठ्ठा विवरण प्रमाणित गर्न लगाई लोककल्याणकारी विज्ञापन लिएको पाइएमा प्रचलित कानून अनुसार कार्वाही हुनेछ ।

२४. <u>**लोककल्याणकारी विज्ञापनको बजेटको व्यवस्थाः**</u> लोककल्याण कारी विज्ञापनवापत भुक्तानी हुने रकमको बजेट व्यवस्था प्रत्येक आर्थिक वर्षको लागि प्रदेश सरकारको वार्षिक कार्यक्रममा बजेट व्यवस्था भए बमोजिम हुनेछ ।

२५. <u>**वर्गीकरण प्रमाणपत्रको प्रतिलिपि पेस गर्नेः**</u> पहिलो पटक भुक्तानी माग गर्दा पछिल्लो पटक वर्गीकरणमा परेको प्रमाणको प्रतिलिपि पेस गर्नु पर्नेछ ।

२६. <u>**लेखापरीक्षण प्रतिवेदन पेस गर्नेः**</u> प्रत्येक वर्षको अघिल्लो आर्थिक वर्षमा लोककल्याणकारी विज्ञापनको रकम प्राप्त भएको देखिने लेखापरीक्षण प्रतिवेदन पेस गर्नु पर्नेछ ।

२७. <u>**प्रचलित कानून बमोजिम हुनेः**</u> यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरू बाहेक अन्य विषयहरु प्रचलित कानून बमोजिम हुने छ ।

२८. <u>**कार्यविधिमा संशोधनः**</u> मधेश प्रदेश सरकारले आवश्यकतानुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ ।

२९. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आई परेमा प्राधिकरणको बोर्डको बैठकले सिफारिस गरे बमोजिम वा सो सिफारिस नभएको खण्डमा विभागीय मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

# अनुसूची- १

आमसञ्चारमाध्यमहरुमा लोककल्याणकारी लगायतका विज्ञापन एवम् सूचना प्रकाशन/प्रशारणको दररेट तपसिल बमोजिम कायम गरिएको छः

## आमसञ्चारमाध्यमहरुको अधिकतम दररेट

| क्र.सं. | सञ्चारमाध्यम | समय/साइज | दररेट | कैफियत |
|---|---|---|---|---|
| १. | दैनिक पत्रिका | दुई कोलममा ८ X१० सी.एम. प्रति अङ्क | ७,०००। | |
| २. | साप्ताहिक | ८X१० सी.एम. प्रति अङ्क | ५,०००। | |
| ३. | पाक्षिक | ८ X१० सी.एम. प्रति अङ्क | ६,५००। | |
| ४. | मासिक/द्वैमासिक, मासिक/त्रैमासिक ईत्यादि | आधा पृष्ठ प्रति अङ्क | १५,००० | |
| ५. | ब्रोडसिट दैनिक पत्रिकाको हकमा | ८ X१० सी.एम. प्रति अङ्क | १४,०००। | |
| ५. | पुस्तक/पात्रो | आधा पृष्ठ | १२,०००। | |
| ६. | रेडियो एफ.एम. | एक मिनेटसम्म | २५०। | |
| ७. | टेलिभिजन | ३० सेकण्डसम्म (प्रति पटक) | ७५०। | |

# अनुसूची २

## आमसञ्चारमाध्यमहरुले लोककल्याणकारी विज्ञापन प्राप्त गर्न भर्नुपर्ने फाराम

श्री प्रशासकीय प्रमुखज्यू
आमसञ्चार प्राधिकरण, जनकपुरधाम

मधेश प्रदेश सरकारको लोककल्याणकारी विज्ञापन एवम् सूचना प्रकाशन प्रशारण गर्नका लागि ईच्छुक रहेकोले तपसिल बमोजिमको विवरण भरी आवश्यक कागजात सहित पेश गरेको छु ।

(१) प्रकाशन र प्रसारण संस्थाको नामः
(२) सञ्चारमाध्यमको नामः
(३) ठेगानाः
(४) सम्पर्क नम्बरः
(५) ईमेलः
(६) सञ्चारमाध्यमको आफ्नै वेबसाइट भए (कर्पोरेट) उल्लेख गर्नेः
(७) सञ्चालन भएको स्थानः
(८) सञ्चारमाध्यमको किसिमः दैनिक र अद्र्धसाप्ताहिक र साप्ताहिक र पाक्षिक र मासिक र द्वैमासिक र त्रैमासिक र पञ्चाङ्ग पात्रो
(९) सञ्चारमाध्यम स्थापना भएको वर्षः
(१०) सञ्चालक र सम्पादकको नामः
(११) सञ्चारमाध्यमको पहुँच क्षेत्रः
(१२) सञ्चारमाध्यमको तहः स्थानीय र प्रादेशिक र राष्ट्रिय
(१३) वर्ग भए उल्लेख गर्नेः १. क २. ख ३. ग ४. घ
(१४) प्रकाशन/प्रसारण संस्थाको क्षमताः
(१५) पालना गर्नुपर्ने शर्तहरुः
लोककल्याणकारी विज्ञापन प्राप्त गर्नका लागि फाराम भर्दा देहायका शर्तहरु पुरा गरेको हुनुपर्नेछ ।

(१) प्रचलित कानून बमोजिम संस्था र संचारमाध्यमको दर्ता प्रमाणपत्र प्रतिलिपि।

(२) मिडिया काउन्सिल वा अन्य आधिकारिक निकायबाट बर्गीकरणमा परेको प्रमाणित आधार । (पत्रपत्रिकाको हकमा मात्र)

(३) प्रत्येक वर्ष नवीकरण भएको,

(४) आयकर एब्ल् नम्बर र कर चुक्ता प्रमाणपत्र पेस गरेको,

(५) प्रचलित ऐन कानून पालना गरेको स्वघोषणा,

(६) एफ.एम. र टेलिभिजनको हकमा इजाजत पत्र, लाइसेन्स नविकरण भई कम्तिमा एक वर्षदेखि नियमित प्रसारणमा रहेको ।

(७) अनलाइन र नयाँ प्रकृतिका न्यू मिडियाहरूको हकमा नियमानुसार दर्ता भई नविरकण लगायतका कागजातहरु भएको ।

(१५) संलग्न कागजातहरुः

(क)

(ख)

(ग).

**हस्ताक्षरः**

**नामः**

**पदः**

**ठेगानाः**

**संस्थाको छापः**

**मितिः**

आज्ञाले

रामकुमार महतो

प्रदेश सचिव

गृह तथा सञ्चार मन्त्रालय